रम्भा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ४ मितिः २०७५/०९/१४

## भाग–२

## रम्भा गाउँपालिका

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम रम्भा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

### सम्वत् २०७५ सालको कार्यविधि नं. ३
### अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५

**प्रस्तावनाः** नेपालको संविधान, अपाङ्गगता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन, २०७४ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी महासन्धि-२००६ (Convention on the Rights of Person with Disabilities(CRPD) को उद्देश्य, मर्म र भावना बमोजिम अपाङ्गता भएको व्यक्तिहरुको परिचय-पत्र वितरण कार्यविधि बनाउन वाञ्छनिय भएकोले, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि ऐन, २०७४ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरि रम्भा गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-२
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **"अपाङ्गता भएको व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी ऐन, २०७४(पहिलो संशोधन २०७५ समेत ) सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन २०७४ अनुसार बन्ने नियमावली सम्झनु पर्दछ ।

(ग) "स्थानीय तह" भन्नाले गाउँपालिका सम्झनु पर्दछ ।

(घ) "वडा कार्यालय" भन्नाले स्थानिय तहको वडा कार्यालय सम्झनु सम्झनु पर्दछ ।

(ङ) "समन्वय समिति" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४(पहिलो संशोधन २०७५ ) को दफा ४२ बमोजिमको स्थानीय समन्वय समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२
## उद्देश्य, मापदण्ड

**३. उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् :

(क) विभिन्न प्रकारका अपाङ्गता भएका नेपाली नागरिकहरुको पहिचान गरी उनीहरुलाई सेवा सुविधामा पहुँच स्थापित गर्न, त्यस्ता सेवा सुविधाहरुको लागि योजना निर्माण गर्न र गाउँपालिका भित्र विभिन्न प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरुको वर्गिकृत लगत राख्न सहज तुल्याउने ।

(ख) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि २००६ (ऋचएम)मा नेपाल सरकारले जनाएको प्रतिवद्धता बमोजिम अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकताको आधारमा सेवा सुविधाहरु उपलब्ध गराउन सहज बनाउने ।

(ग) अपाङ्गताको प्रकृति, वर्गीकरण र अवस्थाका आधारमा अपाङ्गता भएका व्यक्तिले पाउने सेवा, सुविधा र अवसरको प्राथमिकरण गर्न सहयोग गर्ने ।

**४. परिचय-पत्र वितरणका मापदण्ड देहाय बमोजिम रहेका छन् :**

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनको अनुसूचीमा प्रकृतिका आधारमा अपाङ्गतालाई १० (दश) प्रकारमा वर्गीकरण गरिएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनको अनुसूचीमा उल्लेखित गाम्भीर्यताका आधारमा गरिएको अपाङ्गताको वर्गीकरण गरी देहायका चार समूहका परिचय-पत्र वितरण गरिनेछ :

**(क) पूर्ण अशक्त अपाङ्गता :** तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'क' वर्गको परिचयपत्र उपलब्ध गराइनेछ जुन रातो रंगको पृष्ठभूमिमा जारी गरिनेछ ।

१. व्यक्तिको शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी प्रणालीहरुमा भएको क्षति र यसले ल्याएको कार्यगत विचलनको अवस्था असाध्य गम्भीर भई अरुको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न असाध्यै कठिन हुने व्यक्ति,

२. सामान्य भन्दा सामान्य दैनिक क्रियाकलापहरु पनि स्वयं गर्न नसक्ने र अन्य व्यक्तिको सहयोग आवश्यक पर्ने, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, तीव्र रुपमा अटिज्म प्रभावित व्यक्ति, पूर्ण रुपमा श्रवणदृष्टिविहिन व्यक्तिहरु,

३. दुई वा सो भन्दा बढि प्रकृतिका शारीरिक, मानसिक वा इन्द्रिय सम्वन्धी क्षति भई सबैजसो दैनिक क्रियाकलापहरु अन्य व्यक्तिकै सहयोगमा गर्नुपर्ने अवस्थाका व्यक्तिहरु,

४. निरन्तर रुपमा सघन हेरचाह (स्याहार सुसार)को आवश्यक परिरहने शारीरिक अपाङ्गता भएका व्यक्ति वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु ।

**(ख) अति अशक्त अपाङ्गता :** तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'ख' वर्गको परिचयपत्र उपलब्ध गराइनेछ जुन निलो पृष्ठभूमिमा जारी गरिनेछ ।

१. शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति वा विचलन भएतापनि निरन्तर वा अधिकांश समय सहयोगी, दोभाषे वा मानव पथप्रदर्शक आदिको सहयोगमा आफ्नो दैनिक

क्रियाकलापहरु लगायत हिडडुल र संचार गर्न कठिनाई हुने व्यक्तिहरु,

२. मष्तिष्क पक्षघात, मेरुदण्डमा चोटपटक वा पक्षघात, हेमोफिलिया, मांशपेशी सम्बन्धी समस्या वा विचलन लगायत अन्य विभिन्न कारणले शरीरको ढाड, हात, गोडा, कम्मर आदिले काम गर्न नसकी दैनिक आवागमनको लागि ह्वीलचियर प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरु,

३. दुवै हात कुमदेखि वा पाखुरादेखी मुनी पुरै नचल्ने वा गुमाएका, विभिन्न कारणले दुवै हात र गोडा गुमाएका वा नचल्ने, कम्मरभन्दा मुनिको भाग गुमाएका वा नचल्ने, दुवै गोडा पूर्ण क्रियाशील नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरु

४. दृष्टिविहिन र पूर्णदृष्टिविहीनको परिभाषा अर्न्तगत पर्ने व्यक्तिहरु,

५. संचारको लागि निरन्तर दोभाषे आवश्यक पर्ने पूर्ण रुपमा कान सुन्न नसक्ने (बहिरा), दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न नसक्ने, सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता वा अटिज्म भएका व्यक्तिहरु, निरन्तर अरुको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका व्यक्तिहरु ।

**(ग) मध्यम अपाङ्गता :** तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'ग' वर्गको परिचयपत्र उपलब्ध गराइनेछ जुन पहेँलोपृष्ठभुमिमा जारी गरिनेछ ।

१. कृत्रिम अङ्ग, क्यालीपर, विशेष प्रकारका जुत्ता जस्ता सहायक सामाग्रीको प्रयोगबाट सामान्य हिडडुल लगायत दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न सक्ने,

२. विभिन्न कारणले घुँडामुनिको अङ्गमा मात्र प्रभाव परेको तर सहायक सामाग्रीको प्रयोग नगरी पनि सामान्य हिँडडुल गर्न सक्ने ।

३. कुम वा पाखुरा भन्दा मुनी एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने,

४. दुवै हातको हत्केला भन्दा मुनिका कम्तीमा बूढी औंला र चोरी औंला गुमाएका,

५. दुवै गोडाको कुकुच्चा भन्दा मुनिको भाग नभएका तर सामान्य हिडडुल गर्न सक्ने,

६. मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको,
७. सिकाईमा ढिलाई भएका दैनिक क्रियाकलाप स्वयं गर्न सक्ने बौद्धिक अपाङ्गता र अटिज्म भएका व्यक्तिहरु,
८. श्रवणयन्त्रको प्रयोगबाट वा ठूलो अवाज मात्र सुन्न सक्ने सुस्तश्रवण व्यक्तिहरु,
९. शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नुपर्ने अवस्था भएका व्यक्तिहरु,
१०. ओठ तालु फाटेको कारण बोली अस्पष्ट भएका व्यक्तिहरु,
११. बोल्दा अड्किने, शब्द वा अक्षर दोहोऱ्याउने समस्या तीव्र भएका भकभके व्यक्तिहरु,
१२. तीन फिट भन्दा मुनिका होचापुड्का व्यक्तिहरु,
१३. चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवणदृष्टिविहिन व्यक्तिहरु, लेन्स वा म्याग्नीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु,
१४. अनुवंशीय रक्तश्राव (हेमोफेलिया) सम्बन्धी समस्या भई दैनिक हिँडडुलमा कठिनाइ हुने व्यक्तिहरु,
१५. मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु ।

**(घ) सामान्य अपाङ्गता :** तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'घ' वर्गको परिचयपत्र उपलब्ध गराइनेछ जुन सेतो पृष्ठभुमिमा जारी गरिनेछ ।

१. शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी सामान्य विचलन भएका तर दैनिक जीवनका क्रियाकलापहरु स्वयम सम्पादन गर्न सक्ने,
२. हात वा खुट्टा केही छोटो भएका, एक हातको हत्केला भन्दा मुनी नचल्ने वा गुमाएका, एक हातको हत्केलाभन्दा मुनिका कम्तीमा बुढी औंला र चोरी औंला गुमाएका वा दुवै हातको हत्केलामुनिका कम्तीमा बुढीऔंला र चोरीऔंला भएका व्यक्तिहरु,
३. ठुलो अक्षर पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु,
४. दुवै गोडाको सबै औंलाका भागहरु नभएका,
५. श्रवणयन्त्र लगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरु,

## परिच्छेद-३
## परिचयपत्र ढाँचा र समन्वय समिति

५. अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्रको ढाँचा देहाय बमोजिम हुनेछ ।
परिचय-पत्र बाहक व्यक्तिको व्यक्तिगत विवरण स्पष्ट हुने गरी नागरिकताको प्रमाण-पत्रको ढाँचामा यस कार्यविधिको अनुसूची २ बमोजिम एकापट्टी नेपाली भाषामा र अर्कापट्टी अंग्रेजी भाषामा लेखिएको माथि दफा ४ मा उल्लेखित मापदण्ड अनुसार एक पृष्ठको परिचय-पत्र गाम्भीर्यताका आधारमा गरिएका चार वर्गका अपाङ्गता भएका व्यक्तिलाई चार फरक रङ्गमा उपलब्ध गराईनेछ ।

६. समन्वय समिति सम्वन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।
(१) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन, २०७४ को दफा ४२ अनुसार अपाङ्गता परिचय वितरण गर्ने समेत कार्यका लागि गाउँपालिकामा देहाय बमोजिमको एक स्थानिय समिति रहनेछ :-
(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक
(ख) गाउँपालिकाको महिला सदस्यहरुमध्येबाट गाउँपालिकाले तोकेको महिलासदस्य - सदस्य
(ग) गाउँपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा श्रोत व्यक्ति मध्येबाट गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति -सदस्य
(घ) गाउँपालिकाको अध्यक्षले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक - सदस्य
(ङ) स्थानीय प्रहरी कार्यालयको प्रमुख - सदस्य
(च) अपाङ्गता भएका व्यक्तिको हक हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरु मध्येबाट गाउँपालिकाको अध्यक्षले मनोनित गरेको संस्थाको प्रतिनिधि - सदस्य
(छ) गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सहित तीन जना - सदस्य
(ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने कार्यालयको शाखा प्रमुख - सदस्य
(झ) गाउँपालिकाको उपाध्यक्षले तोकेको गाउँपालिको कर्मचारी - सदस्य

(२) स्थानीय समन्वय समितिले अपाङ्गता परिचय-पत्र वितरणका लागि सिफारिस गर्ने कामका साथै ऐनको दफा ४३ को (च) बमोजिम परिचय-पत्र सम्वन्धी कानूनी, संरचनागत तथा अन्य सुधार गर्नुपर्ने विषयमा प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत सम्वन्धित निकायमा लेखि पठाउनु पर्दछ ।

## परिच्छेद-४
## परिचय-पत्र वितरण

७. परिचय-पत्र वितरण प्रक्रिया देहाय बमोजम हुनेछ :

(क) अपाङ्गता भएका व्यक्तिको स्थायी ठेगाना भएको स्थानीय तहको वडा कार्यालयमा अपाङ्गता भएका व्यक्ति स्वयं निजका अभिभावक वा संरक्षकले अनुसूची १ बमोजिमको ढाँचामा परिचय-पत्र प्राप्तिका लागि सबै पुष्ट्याई गर्ने कागजातहरु २ प्रति समावेश गरी निवेदन दिनुपर्नेछ ।

(ख) दरखास्तमा आफ्नो नाम , स्थायी ठेगाना, उमेर, अपाङ्गता खुलेको लिखित प्रमाणित प्रतिलिपी पासपोर्ट साइजको (सम्भव भएसम्म अपाङ्गता देखिने गरी खिचिएको ) फोटो, असक्तताको गाम्भीर्यता अवस्था र शरीरका अंगहरुले गर्ने काममा आएको समस्या वा दैनिक क्रियालापमा हुने सिमितताको विवरण संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि जन्मदर्ता प्रमाण-पत्र वा नागरिकताको प्रमाण-पत्र वा जग्गा धनी प्रमाण पुर्जा वा शैक्षिक योग्यताको प्रमाण-पत्र वा मतदाता परिचय-पत्र वा अपाङ्गताको आधारमा कुनै जागिर गरिरहेको भए नियुक्ति पत्र वा त्यो संस्थाले दिएको प्रमाण वा जि.प्र.का. मा दर्ता भएका अपाङ्गता सम्बन्धी कार्य गर्ने संघसंस्थाले गरेको सिफारिस मध्ये कुनै एक वा यस्तै विश्वस्त हुन सक्ने आधार दिने अन्य प्रमाणित लिखत लाई आधार मानिनेछ ।

(ग) रित पुगी आएको निवेदनमा वडा कार्यालयले निवेदन प्राप्त भएको मितिले बढीमा ३ दिनभित्र निवेदकले पेश गरेका कागजातको एक प्रति कार्यालयमा राखि वडा कार्यालयको सिफारिस सहित एक प्रति गाउँपालिका पठाउनु पर्दछ ।

(घ) सम्बन्धित व्यक्तिले पेश गरेको निवेदन उपर कुनै कागजात वा प्रमाण नपुगी परिचय-पत्रका लागि सिफारिस गर्न उपयुक्त

नदेखिएमा सो व्यहोरा निवेदकलाई ३ दिन भित्रमा जानकारी दिनु पर्दछ ।

(ङ) वडा कार्यालयले सिफारिस गर्न नसकिने भनी दिएको जानकारी निवेदकलाई चित्त नवुझे सूचना पाएको १५ दिन भित्रमा गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(च) यसरी प्राप्त भएको निवेदन समेत समावेश राखि स्थानीय समन्वय समितिको बैठकमा पेश गर्नु पर्दछ । निवेदकले पेश गरेका कागजात र अन्य सम्भाव्य तथ्य प्रमाणका आधारमा निजले परिचय पत्र पाउने देखियो भनि स्थानीय समन्वय समितिले शिफारिस गरेमा निजलाई परिचयपत्र वितरण गरी त्यसको जानकारी निवेदक तथा वडा कार्यालयलाई समेत दिनु पर्दछ ।

(छ) परिचय-पत्रका लागि सिफारिस गर्न वडा कार्यालयले चिकित्सकसँग राय/परामर्श लिनु पर्नेछ ।

(ज) अपाङ्गता भएका व्यक्तिको अपाङ्गता सम्बन्धी कुराको पुष्ट्याई चिकित्सकले गरेको सिफारिस बमोजिम हुनेछ ।

(झ) सामान्यतया अपाङ्गता भएका व्यक्ति स्वयंले आफ्नो परिचयपत्र बुझिलिनु पर्दछ । अतिअशक्त वा पूर्णअशक्त अपाङ्गता भएको कारणले परिचय पत्र वुझिलिन आउन नसक्ने भएमा वडा कार्यालयको सिफारिसमा परिवारको सदस्य, संरक्षक वा निजको बसोवास गर्ने गाउँपालिका पदाधिकारीले निजलाई बुझाउने गरि बुझिलिन सक्नेछन् ।

(ञ) परिचय-पत्र प्राप्त व्यक्तिहरुको वर्गीकृत लगत स्थानीय तहले क्प्युटराइज गरी आफ्नो कार्यालयमा राखी चौमासिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ट) समन्वय समितिले परिचयपत्र दिन भनी ठहर गरेका व्यक्तिलाई गाउँकार्यपालिकाको कार्यालयले अनुसूची २ बमोजिमको परिचय-पत्र (अपाङ्गता भएका व्यक्तिहरुलाई) नि:शुल्क उपलब्ध गराउनु पर्नेछ ।

(ठ) परिचय-पत्रमा गाउँपालिका को प्रमुख प्रशासकिय अधिकृतको हस्ताक्षर हुनेछ । प्रचलित कानूनको अधिनमा रही अन्य अधिकृत कर्मचारीलाई समेत अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(ड) प्रत्यक्ष रुपमा देखिने वा अवलोकन गर्न सकिने शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षतिको हकमा परिचय-पत्र प्रदान गर्ने अधिकारीले अवलोकन गरी तत्काल उपयुक्त परिचय-पत्र उपलब्ध गराउनु पर्नेछ ।

ढ) प्रत्यक्ष रुपमा नदेखिने वा अवलोकन गर्न नसकिने शारीरिक मानसिक वा इन्द्रिय सम्बन्धी क्षति भएका वा प्रष्ट रुपमा छुट्टयाउन समस्या भएका अपाङ्गता भएका व्यक्तिका हकमा समन्वय समितिमा पेश गरी समितिको सिफारिसमा आधारमा परिचय-पत्र वितरण गर्नु पर्नेछ ।

८. अन्य स्थानीय तहबाट परिचयपत्र वितरण गर्ने :

स्थानीय ठेगानामा बसोवास नभएका र विभिन्न अवरोध तथा शारीरिक वा मानसिक अवस्थाको गम्भीर्यताको कारण आफ्नो स्थायी वसोवास भएको जिल्लामा गई अपाङ्गता परिचयपत्र प्राप्त गर्न असमर्थ व्यक्तिहरुका लागि निजको स्थायी बसोवास भएको स्थानको सम्बन्धित स्थानीय तहबाट परिचय पत्र नलिएको सुनिश्चित भएमा दफा ५ को प्रक्रिया पुरा गरी परिचय पत्र प्रदान गरेर सम्बन्धित स्थानीय तहलाई जानकारी गराउन सकिनेछ ।

९. प्रतिलिपि सम्बन्धी व्यवस्था :

(१) परिचय-पत्र हराई, नासिई वा बिग्रिई परिचय-पत्रको प्रतिलिपि लिनु पर्ने भएमा आफ्नो स्थायी ठेगाना भएको स्थानीय तहको वडा कार्यालयमा यथार्थ विवरण र कारण खुलाई सिफारिसका लागि निवेदन दिनु पर्दछ ।

(२) वडा कार्यालयले सबै व्यहोरा वुझि निवेदकको माग मनासिब देखिएमा परिचय-पत्रको प्रतिलिपी उपलब्धगराउन प्राप्त निवेदन तथा अन्य कागजातको प्रतिलिपी वडा कार्यालयमा राखी निवेदकले पेश गरेको सक्कल कागजात सहित सिफारिस गरी गाउँपालिकामा पठाउँनु पर्दछ ।

(३) स्थानीय तहले सिफारिस सहित प्राप्त भएको निवेदन अपाङ्गताको प्रकृति अनुसार सोझै वा स्थानीय समन्वय समितिमा पेश गरी समितिको निर्णय अनुसार अपाङ्गता परिचय-पत्रको प्रतिलिपी नि:शुल्क उपलब्ध गराउनु पर्नेछ ।

(४) प्रतिलिपीका लागि प्राप्त भएको निवेदनका विषयमा सो परिचयपत्र वाहक व्यक्तिले पहिले प्राप्त गरेको परिचय पत्रमा हेरफेर गर्नुपर्ने देखिएमा स्थानीय सिफारिस समितिमा पेश गरी सो समितिबाट प्राप्त निर्देशन अनुसार गर्नु पर्दछ ।

१०. यस कार्यविधिको प्रतिकुल कार्य भएमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सजाय हुनेछ ।

११. अभिलेख सम्वन्धि व्यवस्था :

(१) सम्वन्धित वडा कार्यालयले आफ्नो क्षेत्रमा भएका कुल अपाङ्गता भएका व्यक्तिहरु तथा अपाङ्गता भएका व्यक्तिहरु मध्ये परिचयपत्र पाएका व्यक्तिहरुको अपाङ्गताको प्रकृति र गाम्भिर्यता लगायत अन्य आवश्यक विवरण खुल्नेगरी नियमित रुपमा अध्यावधिक गरी त्यसको चौमासिक विवरण तयार गरी नियमित रुपमा आफ्नो गाउँपालिका तथा जिल्ला समन्वय समितिलाई समेत पठाउनु पर्दछ ।

(२) स्थानीय तहले परिचय-पत्र वितरण गरेपछि यसको जानकारी परिचयपत्र प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको वडा कार्यालयलाई दिनु पर्दछ ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका कुल अपाङ्गता भएका व्यक्तिहरु तथा अपाङ्गता परिचय-पत्र पाएका व्यक्तिहरुको अभिलेख राखी त्यसको चौमासिक प्रतिवेदन प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्दछ ।

## परिच्छेद-५
## विविध

१२. विविध :

(१) सबै स्थानीय तहले आ-आफ्नो क्षेत्राधिकार भित्र रहेका विकट तथा दुर्गम गाउँहरुमा रहेका अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गता परिचय-पत्र लगायतका सेवा सरल तरिकाले उपलब्ध गराउन कम्तिमा वर्षको एक पटक ती ठाउँहरुमा परिचय-पत्र वितरण सम्बन्धि घुम्ति शिविर सञ्चालन गर्नु पर्दछ ।

(२) यो कार्यविधि लागू हुन अगाडि प्राप्त गरेको अपाङ्गता परिचयपत्र सम्वन्धित गाउँपालिकामा बुझाई यो कार्यविधि जारी भएको मितिले १ वर्षभित्रमा यस कार्यविधि बमोजिमको परिचयपत्र लिनुपर्नेछ । यस अघि जारी भएका परिचय पत्र एक वर्षपछि स्वत: मान्य हुने छैन ।

(३) यस कार्यविधिमा भएको प्रावधान अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ ।

(४) अपाङ्ग परिचय-पत्र वितरण सम्बन्धमा यस कार्यविधिमा उल्लेख नभएको विषयमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

(५) अपाङ्ग परिचय-पत्र वितरण निर्देशिका, २०६५ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(७) अपाङ्ग परिचय-पत्र वितरण निर्देशिका २०६५ खारेज गरिएको छ ।

अनुसूची–१

अपाङ्गता भएका व्यक्तिको परिचय पत्र पाउनको लागि दिने

निवेदनको ढाँचा

श्री कार्यालय प्रमुख ज्यू

.........................................

...........................................

मिति.............................

विषयः- अपाङ्गता परिचय पत्र पाउँ ।

महोदय,

म अपाङ्गता भएका व्यक्तिको परिचय पत्र पाउन योग्य भएकोले निम्न लिखित विवरण राखि परिचय पत्र पाउन यो निवेदन पेश गरेको छु । मैले पेस गरेको विवरण ठीक साँचो छ, झुट्टा ठहरेमा प्रचालित कानून बमोजिमको सजाय भोग्न मञ्जुर छ ।

१. नाम थर...............................उमेर................लिङ्ग...........

२. प्रदेशः

३. ठेगानाः

(क) स्थायी ठेगानाः.................गाउँपालिका,
वडा नं.....टोल...............

(ख) अस्थायी ठेगानाः.................. गाउँपालिका,
वडा नं..................टोल..................

(ग) सर्म्पक टेलिफोन वा मोबाइल नं...............................

४. संरक्षक/अभिभावकको नाम...............................निवेदकको नाता..............................

५. संरक्षक/अभिभावकको टेलिफोन वा मोबाइल नं....................

६. नेपाल सरकारको परिभाष र वर्गीकरण अनुसार अपाङ्गताको प्रकार.............

७. नेपाल सरकारको परिभाष र वर्गीकरण अनुसार अशक्ताको आधारमा अपाङ्गताको प्रकार................

८. शरीरको अंग, संरचना, प्रणालीमा आएको क्षतिको विवरण

..........................................................................................

क्षति भएपछि दैनिक क्रियाकलापमा आएको अवरोध वा सिमितताको विवरण

..........................................................................................

अपाङ्गताको कारण उपयूक्त स्थानमा चिनो लगाउनुहोस्

क) रोगको दीर्घ असरख) दुर्घटना

ग) जन्मजात घ) शसस्त्र द्वन्द्व

ङ) वंशानुगत कारण च) अन्य...............

९. सहायक सामाग्री प्रयोग गर्नु पर्ने आवश्यकता भएको वा नभएकोः उपयुक्त स्थानमा चिनो लगाउनुहोस् ।

क) भएको ख) नभएको

१०. आवश्यकता भएको भए कस्तो प्रकारको सहायक सामाग्रीको प्रयोग गर्नुपर्ने हुन्छ ।

..........................................................................................

सहायक सामाग्री प्रयोग गर्ने गरेको/नगरेको (उपयूक्त स्थानमा चिनो लगाउनुहोस) ।

क) गर्ने गरेको ख) गर्ने नगरेको

११. सहायक सामाग्री प्रयोग गर्ने गरेको भए सामाग्रीको नामः.......................................................

१२. अन्य व्यक्तिको सहयोग विना आफ्ना कस्ता कस्ता दैनिक कार्य गर्न सक्नुहुन्छ ।

क)......................... ख).........................

ग).......................... घ) .........................

ङ).......................... च) .........................

१३. अन्य व्यक्तिको सहयोग लिनुहुन्छ भने कुन कुन कामको लागि लिनु हुन्छ ।

क)......................... ख).........................

ग).......................... घ) .........................

ङ).......................... च) .........................

१४. पछिल्लो शैक्षिक योग्यता प्राथमिक तह

क) निम्न माध्यमिक ख) माध्यमिक तह

ग) उच्च माध्यमिक तह घ) स्तानक तह

ङ) स्तानकोत्तर तह च) विद्यावारिधी तह

१५. कुनै तालिम प्राप्त गर्नुभएको भए मुख्य तालिमहरुको नाम लेख्नुहोस

..........................................................................................

हालको पेशाः

क) अध्ययन ख) कृषि व्यवसाय

ग) स्वरोजगार घ) अध्ययन

ङ) सरकारी सेवा च) निजी क्षेत्रमा सेवा

ज) केही नगरेको झ) अन्य

निवेदक

नाम, थरः.........................

हस्ताक्षरः.........................

मितिः...............................

अनुसूची–२

अपाङ्गता भएका व्यक्तिको परिचय पत्रको ढाँचा

**स्थानीय सरकार**
**रम्भा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पिपलडाँडा, पाल्पा**

५ नं. प्रदेश, नेपाल

परिचय पत्र नंम्बरः
परिचयको पत्र प्रकारः

अपाङ्गता परिचय-पत्र

१) नाम, थरः.......................................................
२) ठेगानाः प्रदेश....... जिल्ला............. स्थानीय तह............
३) जन्ममितिः...................................................
४) नागरिकता नम्बरः.................................................
५) लिङ्गः................................
६) रक्त समुहः...............................
७) अपाङ्गताको किसिमः प्रकृतिको
आधारमा............................गम्भीरताः............................
८) बाबु/आमा वा संरक्षकको नाम, थरः ..................................
९) परिचय पत्र वाहकको दस्तखतः.......................................
१०) परिचय पत्र प्रमाणित गर्नेः.....................................
नाम, थरः................................
हस्ताक्षरः........................
पदः..............................
मितिः............................

"यो परिचय पत्र कसैले पाएमा नजिकको प्रहरी कार्यालय वा स्थानीय तहमा बुझाइदिनुहोला"

Annex-2
Disability Identify Card Format

**Local Government**
**Rambha Rural Municipality**
**Office of Rural Municipal Executive**
**Pipaldanda, Palpa**
**5 No. Province, Nepal**

**ID card Number:**
**ID card Type:**

## Disability Identify Card

1) **Full Name of Person:……………………………….**
2) **Address: Province……...District………………….Local Level……………………**
3) **Date of Birth…………………………….**
4) **Citizenship Number:……………………………**
5) **Sex:…………………**
6) **Blood Group:…………………….**
7) **Types of Disability: On the basis of nature………………On the basis of Severity**
8) **Father Name/Mother Name or Guardian:……………………………**
9) **Signature of ID Card Holders:………………………………………**
10) **Approved by:………………………………**

**Name:…………………….**
**Signature:……………….**
**Designation:………………**
**Date:………………………**

***"If somebody finds this ID card, please deposit this in the nearby police station or municipality office"***

अनुसूची–३
अपाङ्गता भएका व्यक्तिको कार्यालयमा राखिने अभिलेख ढाँचा

क्रम संख्याः
अपाङ्गता परिचयपत्र नम्बरः परिचय पत्रको प्रकार..........
१) नाम, थरः....................................................
२) ठेगाना(स्थायी) प्रदेशः जिल्लाः स्थानीय तहः
वडाः
३) ठेगाना(अस्थाई) प्रदेशः जिल्लाः स्थानीय तहः
वडाः
४) जन्म मितिः...................................
५) नागरिकता नम्बरः.........................
६) लिङ्गः..............
७) रक्त समुहः...................................
८) विवाहित/अविवाहितः................................................
९) बाबु/आमा वा संरक्षकको नाम, थरः.................................
१०) ठेगानाः प्रदेशः जिल्लाः स्थानीय तहः
वडाः
११) अपाङ्गता भएको व्यक्तिसँग नाताः...................................
१२) पछिल्लो शैक्षिक योग्यताः..............................................
१३) अध्ययनरत विद्यालय वा कलेजः
१४) अध्ययन नगरेको ☐ पढाइ सकेको ☐
१५) पेशाः
१६) अपाङ्गताको किसिमः
क) अपाङ्गताको प्रकृतिको आधारमा................................
ख) अपाङ्गताको गम्भीरताको आधारमा............................
१७) कस्ता दैनिक क्रियाकलापहरु गर्न सकिन्छ ?
.........................................................................................
१८) कस्ता दैनिक क्रियाकलापहरु गर्न सकिदैन ?
.........................................................................................
१९) सहायक सामाग्री आवश्यक पर्ने ☐ नपर्ने ☐
आवश्यक पर्ने भए के...........................................
२०) हाल सहायक सामाग्री पाएको ☐ नपाएको ☐

२१) परिचय-पत्र वाहकलाई प्राप्त गरेका अन्य सेवा, सुविधा
..........................................................................

२२) परिचय-पत्र बहाकलाई आवश्यक परेका अन्य सेवा सुविधाहरु
..........................................................................

२३) सेवा, सुविधा प्रदान गर्ने निकायः.....................................
..........................................................................

२४) अन्य..........................................................................................
.......................................................

प्रमाणित गर्ने अधिकारी
दस्तखतः
नाम, थरः
पदः
कार्यालयः

आज्ञाले
**कृष्ण प्रसाद ढकाल**
प्रमुख प्रशासकीय अधिकृत

सम्वत् २०७५ सालको कार्यविधि नं. ४

## व्यवसायिक रुपमा फर्म संचालन गरेका कृषकहरुलाई अनुदान वितरण कार्यविधि २०७५

रम्भा गाउँपालिका भित्र व्यवसायिक रुपमा भैसीपालन, गाईपालन, बाखापालन, बंगुरपालन र कुखुरापालन गर्ने कृषकहरुलाई आफ्नो आर्थिक स्तर माथी उठाउन यस गा.पा.लाई मासू र दुधमा आत्मनिर्भर बनाउने बार्षिक नीति तथा कार्यक्रम अनुसार भएको व्यवस्था बमोजिम अवश्यक सहयोग पुऱ्याउने उद्देश्यले यस गाउँपालिकाले कृषकहरुलाई अनुदान वितरण गर्नेछ । अनुदान वितरणलाई देहायका आधारहरु लिइने छ ।

१) गाउँपालिकाका व्यवसायिक कृषकहरुले देहाय बमोजिमका पशुपंक्षि फर्महरु संचालन गरेको हुनुपर्नेछ ।

| | |
|---|---|
| क) गाई भैसी | ५/५वटा माउ |
| ख) बाखा | ५० वटा माउ |
| ग) बंगुर | १० वटा माउ |
| घ) कुखुरा ब्वाइलर(लेयर्स) | ३०० वटा |
| ञ) कुखुरा लोकल | १०० वटा |

२) कृषकहरुले खोर र गोठको राम्रो व्यवस्था गरेको हुनुपर्नेछ ।

३) छिमेकीलाई असर पर्ने गरेर खोर र गोठ बनाएको हुनु हुन्न ।

४) गाउँपालिकामा फर्म दर्ता गरेको हुनु पर्नेछ र अनुदान मागका लागि प्रस्तावना पत्र पेश गरेको हुनु पर्नेछ ।

५) कम्तीमा १ बर्षसम्म व्यवसायिक रुपमा फर्म संचालन गरेको हुनु पर्नेछ तर यस आ.व.का लागि तत्काल प्रारम्भ गरेका फर्मलाई पनि अनुगमन गरिनेछ ।

६) गाउंपालिकामा देहाय बमोजिमको एक अनुगमन समिती रहनेछ र सो समितीले अनुगमन गरी सिफारिश गरेको हुनुपर्नेछ ।

**तपसिल**

क) संयोजक - गाउंपालिकाको अध्यक्ष

ख) सदस्य - गाउंपालिकाको उपाध्यक्ष

ग) सदस्य - सम्बन्धीत वडाको वडा अध्यक्ष

घ) सदस्य - प्राविधिक भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

ञ) सदस्य सचिव - गाउँपालिको प्रमुख प्रशासकिय अधिकृत

७) अनुदानको रकम प्राविधिकको मूल्याङ्कन बमोजिम तपसिलका फर्महरुको लागि बढीमा तपसिल बमोजिमका अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

**तपसिल**

| | | |
|---|---|---|
| १) | गाई भैसी फर्म | २,००,००० (दुईलाख) |
| २) | बाखा बंगुर फर्म | १,००,००० (एकलाख) |
| ३) | लोकल कुखुरा फर्म | ५०,००० (पचास हजार) |
| ४) | ब्वाइलर(लेयर्स) कुखुरा फर्म | ४०,००० (चालिस हजार) |

८) पशुहरुको विमा गरेको हुनपर्नेछ ।

९) पशु फर्म संचालन गरेको व्यक्तिले फर्म नविकरण गरेको हुनुपर्नेछ ।

१०) वडा कार्यालयको सिफारिश अनिवार्य हुनुपर्नेछ ।

११) अनुगमनबाट प्राप्त सिफारिशको आधारमा गाउं कार्यपालिकाको बैठकबाट अनुदान रकम निर्णय भएपछि मात्र वितरण हुनेछ ।

१२) अनुदान वितरण गर्दा व्यवसायिक फर्महरुको अवस्था हेरी एकमुष्ट वा किस्ता बन्दीको रुपमा रकम वितरण गर्न सकिनेछ ।

१३) निरिक्षण गर्ने क्रममा सम्बन्धी वडाको पशु सेवा केन्द्रको प्राविधिक कर्मचारीलाई पनि सहभागी गराइनेछ ।

आज्ञाले

**कृष्ण प्रसाद ढकाल**

प्रमुख प्रशासकीय अधिकृत